नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ९५

मितिः-२०८२/०५/१९

नेपाल संवत् ११४५

विषयः- प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोगका लागि सिफारिस गर्ने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक तथा भौतिक पूर्वाधार विकास महाशाखाको प.सं. २०८२/०८३, च.नं. २५, मिति २०८२/०५/१६ को प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोगका लागि सिफारिस गर्ने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

नोटः पुरस्कार सिफारिस तथा सम्बन्धित कागजात प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२/०५/१६ मा प्रकाशित सूचनामा उल्लेख भएको इमेल ठेगाना pmtalentaward970@gmail.com मा उपलब्ध गराई दिनुहुन।

५/१९

...................

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक ताथ भौतिक पूर्वाधार विकास महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(सामाजिक तथा भौतिक पूर्वाधार विकास महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:०८२/०८३
च.नं.:- २५

मिति :- २०८२/०५/१६

ने.सं. ११४५ अलाथ्व ९सोमवार

विषयः समन्वय र सहयोग सम्बन्धमा।

श्री सङ्घिय मामिला तथा समान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग प्रदान गर्न छनोट गर्ने कार्यको प्रक्रिया सुरु गरिएको हुँदा प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८२ बमोजिम नेपाल सरकार मातहतका निकाय, प्रदेश वा स्थानीय तह, विश्वविद्यालय, शिक्षण संस्था, सार्वजनिक सस्थानहरूले पुरस्कार वा अनुदान सहयोगका लागि उल्लिखित क्षेत्रमा योगदान गरेका योग्य नेपाली नागरिकहरूलाइ सोही मापदण्ड बमोजिमको आवेदन फाराम र कागजातहरू सहित शिफारिस गर्ने प्रयोजनका लागि मिति २०८२/०५/१६ गतेको गोरखापत्रमा सूचना प्रकाशन भएकोले यसै साथ संलग्न वमोजिमको सूचना सबै स्थानिय तहहरुमा पठाइ आवश्यक समन्वय र सहजिकरण गरिदिन हुन आदेशानुसार अनुरोध छ ।

श्री संघीय मामिला महाशाखा

(कृष्ण प्रसाद शर्मा)
उपसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोगका लागि सिफारिस गर्ने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०८२/०५/१६

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८२ बमोजिम मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पु-याउने बालबालिका, युवा तथा अन्य व्यक्तिलाई प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग प्रदान गर्न नेपाल सरकार मातहतका निकाय, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय,शिक्षण संस्था, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका अनुसन्धानमूलक वा प्राज्ञिक संस्था र बालबालिका तथा शारीरिक रूपमा अशक्त प्रतिभाहरूको हकमा निजका आफन्त एवम् निज संलग्न संस्थाहरूबाट मापदण्डको अनुसूची-३ बमोजिमको ढाँचामा आवश्यक कागजातहरू सहित यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १० दिन भित्र यस कार्यालयको निम्न ठेगानामा आइपुग्ने गरी सिफारिस गर्न र सोको एक प्रति स्क्यान गरी pmtalentaward970@gmail.com मा समेत इमेल गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८२ यस कार्यालयको वेवसाइट www.opmcm.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।थप जानकारिको लागि देहायको ठेगानामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

<u>आवेदन पेस गर्ने र सम्पर्क ठेगाना</u>

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

सामाजिक तथा भौतिक पूर्वाधार विकास महाशाखा

सिंहदरवार, काठमाडौं, फोनः ०१-५९७१०६१

इमेलः pmtalentaward970@gmail.com